नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक ३ | २०८० साल साउन ३ गते बुधबार (19 July 2023 Wednesday) | मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पश्चिमका कमैया र मधेसका... ३ पृष्ठमा : अधिकमास अर्थात् मलमास ... ३ पृष्ठमा औषधि अभावमा गाजाका नौ...

# १७ वर्षिया किशोरीको अपहरण गरि सामूहिक बलात्कार

## आरोपित चारै जना पक्राउ, अनुसन्धानका लागि चार दिन म्याद थप

**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

सप्तरीको कंचनरुपमा १७ वर्षिया एक किशोरीको अपहरण गरि सामूहिक बलात्कारको घटना सार्वजनिक भएको छ । घटना शुक्रबार राती भएपनि प्रहरीमा पीडितको तर्फबाट सोमबार मात्र जाहेरी परेकाले ढिलो गरि सार्वजनिक भएको हो ।

प्रहरीका अनुसार कंचनरुप नगरपालिका १२ धरमपुर टोल बस्ने १७ वर्षिया किशोरीमाथी सामूहिक बलात्कार गरेको आरोपमा सोही वडा निवासी ४१ वर्षिय कैलाश भनिने टेकराज पोखरेल, २४ वर्षिय सुदिप भुजेल, २२ वर्षिय मनोज विश्वकर्मा र २१ वर्षिय दिपेश सुवेदी पक्राउ परेका छन् । पीडित किशोरी र आरोपित सबै एउटै वडाका हुन् ।

उनीहरुलाई सोमबार साँझ घरमै लुकीबसेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका चारै जनालाई मंगलबार चार दिनको म्याद थप गराई अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दिपककुमार रायले जानकारी दिए ।

**"तपाई मेरो दाजु जस्तै हो, तिहारमा लगाएको टिकालाई सम्झिदिनुस् भन्दै पटक पटक अनुनयबिनय गर्दा पनि केही सुनेनन् र खुकुरी देखाएर अस्मिता लुटिरहे ।"**



घटनाक्रम अनुसार शुक्रबार राती १०:३० बजेतिर घरमा रहेकी आमा, बहिनी र भेट्न आएका एक जना केटा साथीलाई छुट्टाछुट्टै कोठामा थुनेर ती किशोरीको अपहरण गरि घरबाट जबरजस्ती उठाएर लगि नजिकै रहेको सोमबहादुर मगरको खाली घरमा पुऱ्याई पालैपालो बलात्कार गरेको डिएसपी रायले बताए ।

घटना सार्वजनिक गरे ज्यान मार्ने धम्की समेत दिएको पीडित किशोरीले बताएकी छिन् । उनले सो दिन घरमा आमा, बहिनी र आफुलाई भेट्न आएका केटा साथी आसिश खान सँगै रहेको बताइन् । रातको समयमा आएका चार जनाले आमा, बहिनी र केटा साथी आसिशलाई धम्क्याउँदै छुट्टाछुट्टै कोठामा थुनेर आफूलाई केही परको सोमबहादुर मगरको पुरानो घरमा लगि पालैपालो बलात्कार गरेको पीडित किशोरीले बताएकी छिन् ।

ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्ने किशोरीका बुबा कामका सिलसिलामा सो दिन जनकपुर गएका थिए । बुबा फर्केपछि छरछिमेक समेतलाई घटना बारे जानकारी गराउँदै सोमबार उनीहरु बिरुद्ध किटानी जाहेरी दिएको पीडित किशोरीले बताएकी छिन् ।

उनले आफूलाई बलात्कार गर्ने मध्येका एक जनालाई तिहारमा लगाएको टिका बारे पनि सम्झाएकी थिइन् । उनले भनिन्, "तपाई मेरो दाजु जस्तै हो, तिहारमा लगाएको टिकालाई सम्झिदिनुस् भन्दै पटक पटक अनुनयबिनय गर्दा पनि केही सुनेनन् र खुकुरी देखाएर अस्मिता लुटिरहे ।"

बलात्कारका क्रममा यो कुरा कसैलाई भने तिम्रो र केटा साथी आसिशको तस्बिर खिचेर सार्वजनिक गरिदिने तथा ज्यानै मार्ने धम्की समेत दिने गरेको उनले सुनाइन् ।

पीडित किशोरीको स्थानिय अस्पतालमा स्वास्थ्य परिक्षण गराई घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १५ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८० श्रावण १२ गते सम्म ।

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३१, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**विगत २५ वर्षदेखी उत्कृष्ट नतिजा ल्याउन सफल जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराजमा**

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०८०/३/२९ गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०८०/४/१२**
**प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते दिउँसो १ बजे**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### जनस्वाथ्य प्रयोगशाल सस्तो लोकप्रियताका लागि मात्रै !

राजविराज जनस्वाथ्य प्रयोगशाल स्थापना भएको दुई महिना नबित्दै औचित्यहीन बनेको छ । स्थापन भएको दिन प्रयोगशालामा न्युन शुल्कमा दर्जनौं परिक्षण गरिने प्रचारबाजी गरिएको थियो । तर, अहिले स्वास्थ्य प्रयोगशाला कार्यालय समय १० बजे खुल्ने र ५ बजे बन्द हुने गरेको छ । जसकारण बिहान भोकै पेटमा गरिने जाँच गर्नबाट बिरामीहरु बञ्चित भएका छन् । नगरवासीलाई सहुलियत दरमा थोरै शूल्क मात्र लिएर रगत परिक्षण गर्ने उद्देश्यका साथ मधेश प्रदेश सरकार र राजविराज नगरपालिकाद्वारा संयुक्त लगानी र सहकार्यमा गत जेठ १ गते यो प्रयोगशाला संचालनमा ल्याइएको थियो ।

प्रयोगशालाको उद्घाटन गर्दै राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनले स्वास्थ्य उपचार सबैका लागी सहज र छिटो छरितो बन्न सकोस भन्ने उदेश्यका साथ यो प्रयोगशाला स्थापना गरिएको र यो विशेष सहुलियत दिएर संचालनमा ल्याइएको बताइएकी थिइन । तर यस्तो कुनै सेवा लिन सकेका छैनन् बिरामीहरु । प्रयोगशालमा जेष्ठ नागरिकका लागी सबै प्रकारका जाँचमा ७५ प्रतिशत सम्मको छुटको व्यवस्था गरिएको छ । डेंगु, मलेरिया र एच आई भी एडसको निःशुल्क परिक्षण गरिनुका साथै विभिन्न ६२ प्रकारका रोगहरुको यहाँ परिक्षण हुने ब्यवस्था मिलाइएको छ । प्रयोगशालामा न्युनतम २५ रुपैया देखि अधिकतम ३ सय रुपैया सम्म सर्वसाधारणका लागी शुल्क निर्धारण गरिएको छ । ग्यास्ट्रिक, साईटिस, एच सायोलोरी, लिक्युडको प्रोफाईल र आर एफटी जाँचको ३ सय रुपैया शुल्क निर्धारण गरिएको छ । दिसा, पिसाब, आरवीसी, मधुमेह लगायतको जाँच शुल्क २५ रुपैया मात्र तोकिएको छ ।

के नगरपालिकाले सस्तो लोकप्रियता कमाउन मात्रै स्वास्थ्य प्रयोगशाला स्थापना गरेको हो ? होइन् भने यसलाई ब्यवस्थित ढंगले २४ औं घण्टा संचालन गरि बिरामीलाई सेवा प्रदान गर्न सम्बन्धित निकाय गम्भिर बन्नु आवश्यक छ ।

# पश्चिमका कमैया र मधेसका हरवाचरवा मुक्ति दिवस

जनकपुरधाम, २ साउन (रासस) ।

मंगलबार पश्चिम तराईका कमैया र मधेसका हरवाचरवा मुक्ति दिवस । आजैका दिन विसं २०५७ साउन २ गते पश्चिम तराईका कमैया र विसं २०७९ साउन २ गते मधेसका हरवाचरवा मुक्तिको घोषणा गरिएको थियो ।

तेइस वर्षअघि कमैया मुक्ति र एक वर्षअघि हरवाचरवा मुक्तिको घोषणा गरिए पनि कमैयाहरूले आफूहरूको पूर्णरूपमा पुनर्स्थापना हुन नपाएको र हरवाचरवाले पुनर्स्थापनाको काम सुरु नै नगरेको गुनासो गरिरहेका छन् ।

कमैया प्रथा उन्मूलन आन्दोलनका अगुवा पशुपति चौधरीले २३ वर्ष बित्दा पनि कमैयाको पूर्ण पुनर्स्थापना हुन नसकेको बताउनुभयो । उहाँले मुक्तिको घोषणा गर्ने पार्टी र गठबन्धन सरकारले पटकपटक न्यायोचित पुनर्स्थापनाका लागि कुरा गरेपनि अझै दुई हजार तीन सय कमैयाले कष्टपूर्ण जीवनयापन गर्नु परिरहेको गुनासो गर्नुभयो । “सरकारले सबै कमैयाको पुनर्स्थापना गरिसकेको दाबी गर्छ तर अहिले पनि पश्चिम नेपालका पाँच जिल्लामा दुई हजार तीन सयभन्दा बढी परिवारको पुनर्स्थापना भएको छैन”, अगुवा चौधरीले भन्नुभयो ।

उहाँका अनुसार तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले विसं २०७५ मा कमैयाहरूको पुनर्स्थापनाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरे पनि सोअनुसार काम हुन सकेको छैन । “सरकारले स्थानीय तहलाई जिम्मेवारी त हस्तान्तरण गर्‍यो तर त्यसयता पुनर्स्थापनाको काम ठप्प छ”, चौधरीले भन्नुभयो, “जसले गर्दा मुक्त कमैयाहरू जीवन निर्वाहका लागि फेरि जोखिमपूर्ण काम गर्न बाध्य छन् ।”

नेपालमा कमैया मुक्तिपछि २०५८ फागुन ९ गते जारी कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ अनुसार सबै बँधुवा मजदुर प्रथा र परम्परा निषेध छ तर न्यायोचित व्यवस्थापन हुन नसक्दा कमैया, कम्लहरी, हलिया र हरवाचरवाहरू पुनः सोही काम गर्न बाध्य रहेको जानकारहरू बताउँछन् ।

अधिकारकर्मी सञ्जय महराले सरकारले दास प्रथासँग जोडिएका कमैयासहित धेरै बँधुवा श्रम निषेध गर्नु सराहनीय भए पनि दीर्घकालीन र भरपर्दो जीविकोपार्जनको आधार तयार नगरिदिँदा फेरि समस्या बल्झिन थालेको बताउनुभयो । उहाँले पुनर्स्थापना गर्न बाँकी कमैया र हरवाचरवाको काम तत्काल सुरु गर्न सरकारसँग आग्रह गर्नुभयो ।

तत्कालीन सरकारले वर्षौंसम्म जमिनदारको घरमा बँधुवा मजदुरका रूपमा काम गर्दै आएका पश्चिम तराईका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका ३२ हजार पाँच सय कमैयालाई मुक्त घोषणा गरेको थियो ।

तत्कालीन अवस्थामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले विसं २०५७ र २०५९ मा तथ्याङ्क सङ्कलन गरी कमैयालाई ‘क’ देखि ‘घ’ सम्म चार वर्गमा विभाजन गरी परिचयपत्रसमेत प्रदान गरिसके पनि आफ्नो घरसमेत नभएका ‘क’ वर्गका १५ हजार पाँच ७० र ‘ख’ वर्गका १२ हजार गरी २७ हजार पाँच ७० परिवारलाई पुनर्स्थापना गर्नुपर्ने आवश्यकता औँल्याएको थियो । सोही अनुसार २७ हजार २१ मुक्त कमैया परिवारलाई जमिन तथा घर प्रदान गरेको सरकारी तथ्याङ्क छ ।

राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष एवं प्रवक्ता नरेश खड्काले कमैया मुक्त भएको धेरै लामो समयसम्म पुनर्स्थापनाको काम नहुँदा साहुबाट मुक्त भए पनि समस्याबाट भने मुक्त हुन नसकेको गुनासो आइरहेको बताउनुभयो । उहाँले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरूले आयोगको क्षेत्राधिकारभित्र रहेर निवेदन दिएमा केही हदसम्म समस्या समाधान गर्न सकिने जानकारी दिनुभयो । “हाम्रो क्षेत्राधिकारभित्र मुक्त कमैया, हलिया, हरवाचरवा नपरे पनि विभिन्न समयमा गठित अध्ययन कार्यदलले औँल्याएका समस्या र सिफारिसलाई समेत ध्यानमा राखेर प्रक्रियामा आएमा जोतभोग गरिरहेको जग्गाको लालपुर्जा दिन सकिन्छ”, प्रवक्ता खड्काले भन्नुभयो, “तर वर्षौंसम्म पुनर्स्थापना हुन नसक्दा उहाँहरू जीविकोपार्जनका लागि वैदेशिक रोजगारमा गएको र सूचना तथा ज्ञानको कमीले हाम्रो प्रक्रियामै नआएको र आएकाहरूको पनि उचित व्यवस्थापन हुनसकेको छैन ।”

उहाँले कतिपय ठाउँमा कागजमा जमिन पाए पनि जग्गा नपाएको भन्दै गुनासो आउने गरेकाले सरकारले उचित कार्यविधिमार्फत समस्या समाधान गर्नुपर्ने धारणा राख्नुभयो । मधेसका हरवाचरवालाई पनि मुक्त कमैयाजस्तै आफूहरूको समस्या पनि वर्षौं वर्षसम्म समाधान नहुने हो कि भन्ने चिन्ता छ । राष्ट्रिय मुक्त हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दर्शनलाल मण्डलले एक वर्षअघि मुक्तिको घोषणा गरिए पनि हालसम्म लगत सङ्कलन तथा पुनर्स्थापनाका कार्यक्रम अगाडि बढ्न नसकेको बताउनुभयो । उहाँले अधिकार मञ्चसँग भएको चारबुँदे सहमतिअनुसार तत्काल पुनर्स्थापनाका कार्यक्रम अगाडि बढाउन आग्रह गर्नुभयो ।

अधिवक्ता तथा अधिकारकर्मी बालाराम भट्टराईले हरवाचरवा अझै बँधुवा श्रममा रहनु लोकतन्त्रको अपमान र संविधान विपरीतको कार्य भएकाले सरकारले न्यायोचित पुनर्स्थापनाका लागि प्रभावकारी कदम चाल्न आवश्यक रहेको बताउनुभयो ।

सरकारले विसं २०५८ फागुन ९ गते कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ जारी गरेपछि बँधुवा श्रमसँग जोडिएका सबै प्रथा अन्त्य भएको घोषणा गरिसकेको छ । सोहीअनुसार तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारले विसं २०६५ भदौ २१ गते हलियाहरूलाई पनि मुक्तिको घोषणा गरेको थियो । तत्पश्चात् विसं २०७० श्रावण ३ गते कम्लहरीहरूलाई पनि मुक्तिको घोषणा गरिएको थियो ।

ऐनअनुसार बाध्यकारी श्रमबाट मुक्त भएकाहरूले ऋण तिर्नु नपर्ने, लिखत वा सम्झौता रद्द हुने, बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

# लेखापरीक्षण पेस नगर्ने दललाई पत्राचार गरिँदै

काठमाडौँ, २ साउन (रासस) ।

निर्वाचन आयोगले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र लेखापरीक्षण गराई एक महिनाभित्र सो प्रतिवेदन आयोगमा पेस नगर्ने राजनीतिक दललाई जरिवानको जानकारी र सचेतसहित पत्राचारको तयारी गरेको छ ।

आयोगका उपन्यायधिवक्ता गुरुप्रसाद वाग्लेले आयोगको निर्णयबमोजिम ती दललाई सचेत र जरिवानाबारे बेग्लाबेग्लै पत्र पठाइ जानकारी दिने तयारी भएको बताउनुभयो । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४१ को उपदफा १ बमोजिम आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले गरी लेखापरीक्षण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कानुनमा व्यवस्था भए बमोजिम कार्य नगर्ने दललाई राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५४ बमोजिम ती दललाई सचेत तथा जरिवाना गर्न आयोगले यही साउन १ गते निर्णय गरेको थियो ।

सोबारे आयोगले सोमबार विज्ञप्तिमार्फत सार्वजनिक सूचना गरेको थियो । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयसीमाभित्रै सार्वजनिक गरी सोको जानकारी आयोगमा पेस नगर्ने ३९ राजनीतिक दललाई रु सात हजारका दरले जरिवाना गर्ने र सो आवको लेखापरीक्षण प्रतिवेदन सात दिनभित्र तोकिए बमोजिम सार्वजनिक गरी सोको जानकारी सात दिनभित्र आयोगमा पेस गर्न आदेश दिइएको छ ।

यस्तै १२ राजनीतिक दलले तोकिएको समयसिमा व्यतित भएपछि लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरी सोको जानकारी आयोगमा उपलब्ध गराएकोले त्यस्ता दललाई अब उप्रान्त लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्दा आयोगले तोकेको समयसिमाभित्रै सार्वजनिक गर्न सचेत गराइएको छ ।

लेखापरीक्षण प्रतिवेदन नबुझाउने पाँच राजनीतिक दललाई कानुन बमोजिम स्पष्टीकरण पेस गर्न आदेश दिइएकामा दुई राजनीतिक दलले तोकिएको समयभित्र स्पष्टीकरणसहित लेखापरीक्षण प्रतिवेदन पेस गरेका छन् । ती दलहरूले पेस गरेको स्पष्टीकरण व्यहोरामा उल्लेख गरेका आधार र कारण चित्तबुझ्दो नदेखिएकाले अब आइन्दा कानुनले तोकेको समयसिमाभित्रै लेखापरीक्षण प्रतिवेदन आयोगमा पेस गर्न र स्पष्टीकरण सहित आयोगमा पेस भएको लेखापरीक्षण प्रतिवेदन सात दिनभित्र तोकिए बमोजिम सार्वजनिक गरी सोको जानकारी सात दिनभित्र आयोगमा पेस गर्न आदेश दिई प्रत्येक दललाई रु १५ हजारका दरले जरिवाना गर्ने निर्णय भएको छ ।

सोधिएको स्पष्टीकरणको जवाफ तोकिएको समयभित्र पेश नगर्ने बाँकी तीन राजनीतिक दललाई कानुन बमोजिम रु २० हजारका दरले जरिवाना गरी त्यस्ता राजनीतिक दललाई छ महिनाभित्र दलको आयव्ययको लेखापरीक्षण गराई सार्वजनिक गरी सोको जानकारी सहितको लेखापरीक्षण प्रतिवेदन आयोगमा बुझाउन आदेश दिइएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अधिकमास अर्थात् मलमास सुरु

काठमाडौं, २ साउन (रासस)।

प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास मंगलबारदेखि सुरु भएको छ।

साउन ३१ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। ज्योतिषीय गणनाअनुसार तीन सय ६५ दिनको वर्ष हुन्छ। वर्षमा सौर र चान्द्रमास हुन्छन्। दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ। एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको उक्त समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेल बताउनुहुन्छ।

चान्द्र मासमा दुईवटा सङ्क्रान्ति पर्‍यो भने क्षयमास भनिन्छ। ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासका बारेमा गर्नुभएको चर्चामा भनिएको छ–

'असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद्।

द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित्॥'

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो। दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो। क्षयमास भने कहिले कहिलेकाँही मात्र हुने गरेको छ। यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री शिव पोखरेलको भनाइ छ।

क्षयमास कात्तिक, मङ्सिर र पुसमा पर्ने गरे पनि प्रायः मङ्सिर र पुसमै पर्छ। कात्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ। माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन। बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ।

क्षयमास हुने वर्षमा दुई अधिकमास नियमित पर्छ। यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन्। क्षयमासभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ।

सबै मासका देवता हुन्छन्। मलमास महिनाको देवता नभएपछि मलमास रुँदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेला गरेको गुनासो गरे। सो गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मैरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिनुभएको पुरुषोत्तममास माहात्म्य नामक ग्रन्थमा उल्लेख गरिएको छ।

**अधिकमास (मलमास) मा के गर्ने ? के नगर्ने ?**

मलमास अर्थात् अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ। नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ। पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको सुरुवात गर्नु नहुने परम्परा छ।

मलमासको समयमा महादान, माङ्गलिक कार्य अर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता कर्म गर्नु हुँदैन। यसैगरी गर्भाधान गर्नुहुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन। नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नु हुँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ। बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नु हुँदैन।

**मच्छेनारायण (मत्स्यनारायण) मेला सुरु**

रत्नपार्कबाट करिब आठ किमी दक्षिणपश्चिम भेगमा पर्ने मत्स्यनारायण मन्दिरमा मलमासका समयमा मेला लाग्ने गर्छ। यहाँ मत्स्यनारायणको प्रस्तर मूर्ति छ।

मलमासको अवधिभर मच्छेनारायणमा टाढाटाढाबाट लाखौं भक्तजन दर्शनका लागि आउने गरेका छन्। मलमास अवधिभर कीर्तिपुरबाट चार किमी दक्षिणमा पर्ने मच्छेनारायण मन्दिरमा नारायणको पूजा र पुरुषोत्तममास माहात्म्य वाचन हुने चन्द्रागिरि नगरपालिकाका नगर प्रमुख घनश्याम गिरी बताउनुहुन्छ।

यो महिनामा भगवान् नारायणको पूजाआराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त हुने विभिन्न धर्मग्रन्थमा उल्लेख गरिएको छ। सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार मच्छेनारायण मन्दिरमा छ। माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो चार हातमा शङ्ख, चक्र, गधा र पद्म लिएको मूर्ति देख्न सकिन्छ।

भगवान् विष्णुले दश अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गर्नुभयो। मत्स्यरुपी भगवान्ले प्रलयकालमा समुद्रमा डुङ्गाको काम गरी वेदलाई सुरक्षा गर्नुभएको पुराणमा उल्लेख छ। यसअघि २०७७ साल असोज महिनामा अधिकमास परेको थियो। यो महिनामा वैदिक सनातन धर्मावलम्बीले घर घरमा पुरुषोत्तममास माहात्म्य पाठ गर्ने र कथा सुन्ने गर्दै आएका छन्।

# विदेश भ्रमणमा जानेले पाँच प्रतिशत कर तिर्नुपर्ने कार्यविधि जारी

काठमाडौं, २ साउन (रासस)।

आन्तरिक राजस्व विभागले वैदेशिक पर्यटन शुल्कसम्बन्धी कार्यविधि, २०८० जारी गरेको छ। आर्थिक ऐन, २०८० को दफा २२ मा विदेशमा पर्यटन भ्रमणका लागि जाने नेपाली पर्यटकले गर्ने भुक्तानी रकममा पाँच प्रतिशतका दरले वैदेशिक पर्यटन शुल्क लाग्ने उल्लेख थियो। उक्त व्यवस्था कार्यान्वयनका लागि विभागले कार्यविधि जारी गरेको हो।

वैदेशिक भ्रमणको प्याकेज बिक्रेताले प्याकेज बिक्रीका बखत विदेशमा पर्यटन भ्रमणका लागि जाने नेपाली पर्यटकले गर्ने भुक्तानी रकममा पाँच प्रतिशतका दरले शुल्क लगानी असुल गर्नुपर्नेछ", कार्यविधिमा भनिएको छ, "फर्म वा कम्पनीले व्यवसाय प्रवर्द्धनका सिलसिलामा आफुसम्बद्ध प्राकृतिक व्यक्तिलाई वैदेशिक भ्रमणमा लैजाँदा लाग्ने खर्च रकममा लेखाङ्कनका बखत पाँच प्रतिशतका दरले शुल्क असुल गर्नुपर्नेछ।"

प्याकेज बिक्रेता वा भ्रमणमा लैजाने फर्म तथा कम्पनीले यस्तो शुल्क करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र ठूला करदाता कार्यालयमा बुझाउन सक्नेछन्। कार्यविधिअनुसार शुल्क असुल गर्ने र राजस्व खातामा दाखिल गर्ने प्रयोजनका लागि स्थायी लेखा नम्बर लिएको व्यक्तिले अलगै दर्ता गर्नुपर्ने छैन।

प्याकेज बिक्रेता वा भ्रमणमा लैजाने फर्म तथा कम्पनीले सङ्कलन गरेको शुल्क सम्बन्धित कार्यालयको कोड र तोकिएको राजस्व शीर्षकमा अर्को महिनाको २५ गतेभित्र दाखिल गरिसक्नुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छ। तोकिएको समयभित्र शुल्क दाखिल नगरेमा वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुन आउने थप रकम र वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्नेछ।


# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति

बि. सं. १९९३/०९/२१

स्वार्गारोहण

बि. सं. २०८०/०३/२३

**स्व. रामकृष्ण साफी**

यस आइडियल सहकारी संस्था लि.का व्यवस्थापक विनोद कुमार साफीका पूजनीय पिता **रामकृष्ण साफी**को निधनको १३औं दिनको पूण्यतिथीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। शोकको यस घडीमा शोकाकूल परिवारजनमा धैर्यधारण गर्न माँ राजदेवीले शक्ति प्रदान गरुन्। शोकाकूल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

आइडियल सहकारी संस्था लिमिटेड परिवार


# विश्व समाचार

## औषधि अभावमा गाजाका नौ हजार क्यान्सरपीडितको जीवन जोखिममा

गाजा, २ साउन (रासस/सिन्ह्वा)।

अत्यावश्यक औषधिको अभावमा गाजा क्षेत्रका नौ हजार क्यान्सरपीडित सर्वसाधारणको जीवन जोखिममा परेको प्यालेष्टाइनका एक जना वरिष्ठ स्वास्थ्य अधिकारीले बताएका छन्।

गाजा पट्टीमा क्यान्सर रोगीहरू निदान र उपचारको अभावबाट पीडित भएका तथा त्यहाँको जनसङ्ख्यामा क्यान्सर रोगीहरूको सङ्ख्या बढ्दै गएको गाजा क्यान्सर केन्द्रका महानिर्देशक सुभी स्काइकले बताएका छन्।

महानिर्देशक स्काइकले विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कलाई उद्धृत गर्दै ट्युमरको उच्च दरबारे जानकारी दिँदै सन् २०२१ मा गाजामा प्रति एक लाखमा ९० प्रतिशतभन्दा बढी क्यान्सरबाट पीडित भएको बताए। पत्रकारसँगको कुराकानीमा उनले यो सङ्ख्या सन् २०४० सम्ममा दोब्बरले बढ्ने अनुमान गरिएको बताए। गाजामा हाल क्यान्सर मृत्यु दर १२.५ प्रतिशत छ।

गाजाका बिरामीलाई रोगको निदानको लागि रेडियोथेरापी र आणविक औषधिमा पहुँच छैन। इजरायलको यात्रा प्रतिबन्धले उनीहरू वेस्ट बैंक वा पूर्वी स् जेरुसेलममा उपचार गराउन बाध्य छन्। स्वास्थ्य अधिकारीले गाजा क्षेत्रका क्यान्सर बिरामीको जीवन बचाउन अन्तरराष्ट्रिय समुदाय र सम्बन्धित अधिकारीलाई तत्काल हस्तक्षेप गर्न आग्रह गरेका छन्।

सन् २००७ मा इस्लामिक प्रतिरोध आन्दोलन (हमास)ले गाजाको तटीय क्षेत्र कब्जामा लिएपछि त्यहाँ बसोबास गर्ने करिब २० लाख प्यालेस्टिनी इजरायली नाकाबन्दीको पीडामा बाँचेका छन्।

## कोरियामा भीषण बाढी, पचास जनाको मृत्यु

सोल, २ साउन (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा गत साताको भारी वर्षा र बाढीका कारण ५० जनाको मृत्यु भएको छभने अन्य सात जना बेपत्ता भएका छन्। मंगलबार बिहान डुबेको बसबाट त्यसका चालकसहित चार जनाको शव निकालिएको थियो।

सरकारी अधिकारीका अनुसार उत्तरी ग्याङसङ प्रान्तमा २१ र मध्यचुङ्चेङ प्रान्तमा १९ जनाको मृत्यु भएको हो। ग्याङसङ प्रान्तमा चौतीस जना घाइते भएका छन्। देशभरका बाढीपहिरामा परी देशभर ५० जनाले ज्यान गुमाएका योनहाप समाचार समितिले जनाएको छ। पछिल्ला दिनमा लगातार परेको वर्षाले देशभरका अधिकांश भू–भाग डुबानमा परेका छन्। आपत्कालीन सेवाका अधिकारीले देशका अन्य भागमा अन्य सात जनाले ज्यान गुमाएका बताएका छन्। गत साता पाँच सय मिलिमिटरभन्दा बढी वर्षा भएको अभिलेख गरिएका प्रदेशमा भारी वर्षाको चेतावनी जारी गरिएको थियो।

जुलाई ९ देखि मध्य र तल्लो क्षेत्रमा पाँच सय मिलिमिटर भन्दा बढी वर्षा भएको छ। गोन्जु र दक्षिण चुङचेओङ प्रान्तमैं छ सइ २६ मिलिमिटर, छेउडयाङ नजिकैको काउन्टीमा छ सय १४ मिलिमिटर, सेजोङको मध्य शहरमा पाँच सय ८० मिलिमिटर र उत्तरको मुङयोङ र ग्योङसाङ प्रान्तमा पाँच सय २२ मिलीमिटर वर्षा भएको थियो।

उत्तरी ग्योङसाङ प्रान्तमा सात जना बेपत्ता छन्। बाढीका कारण घर भत्किँदा र पहिरोमा परेर मुलुकभर ज्यान गुमाउनेको सङ्ख्या बढेको छ। मध्य शहर ओसोङमा बाढीले बगाएको भूमिगत सुरुङमा फसेका सवारीसाधनबाट आइतबार राति सातवटा शव निकालिएको थियो।

अविरल वर्षाबाट प्रभावित १३ वटा शहरका दश हजार पाँच सय ७० जनालाई विस्थापित भएका छन्। सार्वजनिक सुविधाहरूको क्षतिको सङ्ख्या सात सय ८९ पुगेको छ भने निजी सम्पत्तिको पनि व्यापक नोक्सानी भएको छ।

तीन सय ५२ वटा निजी सम्पत्तिमा बाढीले क्षति भएको, एक सय ४६ वटा सडक भत्किएका तथा एक सय ३९ घर बगेका योनहाप समाचार समितिले जनाएको छ। एघार हजारभन्दा बढी बाढीपीडितलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ।

## राहुल गान्धीको पुनरवेदनमा शुक्रबार सुनुवाइ हुने

नयाँदिल्ली, २ साउन (रासस/एएनआई)।

गुजरात उच्च न्यायालयको आदेशविरुद्ध विपक्षी नेता राहुल गान्धीले दायर गरेको पुनरावेदनउपर आगामी शुक्रबार सर्वोच्च अदालतमा सुनुवाइ हुने भएको छ।

मोदी थरलाई लिएर काङ्ग्रेस नेता गान्धीले गरेको टिप्पणीबाट आफूहरूको मानहानि भएको भन्दै भारतीय जनता पार्टीका नेता पूर्णेश मोदीले दायर गरेको उजुरीलाई सदर गर्दै सुरत अदालत र गुजरात उच्च अदालतले गान्धीलाई दोषी ठहऱ्याएका थिए।

सुरत अदालतको निर्णयसँगै नेता गान्धीको लोकसभा सांसद पद खारेज भएको थियो। आफूले चुनावी सभामा मोदी थरलाई लिएर गरेको टिप्पणीको अपव्याख्या भएको उल्लेख गर्दै तल्ला अदालतले गरेका निर्णयलाई चुनौती दिँदै उहाँले सर्वोच्च अदालतमा पुनरावेदन गर्नुभएको थियो। उहाँका वकिलहरूका अनुसार उक्त अदालतले आगामी शुक्रबार सुनुवाइ गर्ने जानकारी दिएको छ।

# भन्सार छलेर भण्डारण गरिएको लाखौं मुल्य बराबरको सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

सप्तरी प्रहरीले जिल्लाको सुरुङ्गा नगरपालिकास्थित एक घरमा भन्सार छलेर भण्डारण गरिएको लाखौं मुल्य बराबरको सामानहरु बरामद गरेको छ ।

वडा नं ५ कुशहा बजारस्थित राजकुमार साहको घरमा भारतबाट भन्सार छलेर ल्याइ भण्डारण गरेको अवस्थामा १२ लाख ५७ हजार १ सय ५० मुल्य बराबरको कपडा तथा अन्य सामानहरु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बरामद गरिएका सामानहरुमा थानको कपडा, सर्ट र पाईन्टको कपडा, साडी, ब्लाउजको कपडा, तन्ना सिल प्याक, रेडिमेड सर्ट सिलप्याक, सल, भेष्ट, बच्चाको भेष्ट, खैनी, चिनी र बच्चाले लगाउने अन्य सानो साईजको कपडाहरु रहेका छन् ।

गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी अधिकृतको टोली र ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको प्रहरी टोलीले साहको घरमा छापा मारी सामानहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

उनका अनुसार प्रहरी टोली घरमा पुग्दा कोही व्यक्ति फेला नपरेकोले स्थानिय र जनप्रतिनिधी समेतको उपस्थितिमा घरको भुई तल्ला र पहिलो तल्लामा वेवारिसे अवस्थामा सामानहरु फेला परेको हो ।

फेला परेका समानहरु कानुनी रितपुर्वकको मुचुल्का खडा गरि आवश्यक कारवाहीका लागि भन्सार कार्यालय तिलाठी सप्तरीमा पठाइएको प्रहरीले जनाएको छ ।

# सर्पदंशबाट एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

सप्तरीको कृष्णासवरण गाउँपालिकामा सर्पदंशबाट एक महिलाको मृत्यु भएको छ ।

वडा नं. २ भुर्की टोल निवासी ४० वर्षिया ललितादेवी चौधरीको सर्पदंशबाट सोमबार राती मृत्यु भएको हो ।

घटना विवरण अनुसार उनको आफ्नै घरमा सोमबार राती धान राख्ने कोठीमाथी ढकियामा राखेको सुपारी झिक्ने क्रममा सर्पले टोकेको थियो ।

सर्पको टोकाईबाट असक्त भएकी उनलाई उपचारका लागि तत्कालै कल्याणपुरस्थित सर्पदंश उपचार केन्द्रमा लगिएको थियो । तर त्यहा उपचार सम्भव नभएपछि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

# गत आवमा लागुऔषध प्रयोग गर्ने साढे पाँच हजारभन्दा बढी पक्राउ

काठमाडौं, २ साउन (रासस) ।

गत आर्थिक वर्ष २०७९/८० मा लागुऔषध कारोबार तथा सेवनमा संलग्न रहेको आरोपमा प्रहरीले पाँच हजार छ सय ११ जनालाई पक्राउ गरेको छ । उनीहरूविरुद्ध तीन हजार सात सय १२ वटा मुद्दा दर्ता गरिएको प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले जनाएको छ ।

ब्यूरोका प्रहरी उपरीक्षक चक्रराज जोशीका अनुसार उनीहरूबाट १८ हजार २२ किलो गाँजा, पाँच सय २८ किलो चरेस, १४ किलो तीन सय ५० ग्राम हिरोइन, १४ किलो पाँच सय ६७ ग्राम कोकिन र ३४ किलो दुई सय ५८ अफिम बरामद भएको थियो ।

उक्त अवधिमा ६२ हजार दुई सय ७९ एम्पुल ब्रुफेन, ६७ हजार चार सय ३४ एम्पुल डियाजेपाम, ३४ हजार आठ सय २९ एम्पुल फेनारगन, एक लाख पाँच हजार चार सय १४ ट्याबलेट नाइट्राभेट १० हजार सात सय ९७ ट्रामाडोल, आठ हजार नौ सय ५१ बोतल कोरेक्स तथा डाइलेक्स एवं पाँच सय एक किलो खात बरामद गरिएको जोशीले जानकारी दिनुभयो ।

# दश हजार डलरसहित विदेशी नागरिक पक्राउ

काठमाडौं, २ साउन (रासस) ।

नेपाल प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १० हजार डलरसहित एकजना विदेशी नागरिकलाई पक्राउ गरेको छ ।

विमानस्थल सुरक्षार्थ खटिएको नेपाल प्रहरीको नेपाल एयरलाइन्सको उडानमार्फत काठमाडौंदेखि दुवई जान लागेका लेवनानका नागरिक ४२ वर्षीय एल यमन महमदलाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हाते झोला चेकजाँच क्षेत्रमा जाँच गर्ने क्रममा उनले झोलामा लुकाएर लैजान लागेको रु एक सय दरका एक सय थान अमेरिकी डलर फेला पारेपछि पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ । पक्राउ परेका उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक पठाइएको छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


## हार्दिक बधाई एवं शुभकामना




**प्रा. डा. अमरप्रसाद यादव**

त्रिभुवन विश्वविद्यालय रसायन शास्त्र केन्द्रीय विभागका प्राध्यापक तथा नेपाल केमिकल सोसाइटीका पूर्व अध्यक्ष आदरणीय गुरु **प्रा. डा. अमरप्रसाद यादव,** राजर्षि जनक विश्वविद्यालयको उपकुलपति जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**डा. दिपककुमार गुप्ता**
त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं
**श्रीमती गुन्जा कुमारी साह**
पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुर

## डा. कालीप्रसाद यादव
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## डेंगीबाट बचौं
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा बान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*